प.सं. एशियन लाईफ च.नं.क.प्र. ८८६/०७९/०८०

मिति: २०७९/०६/२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

एशियन लाईफ इन्स्योरेन्स कं. लि. स्था: २०६४ प्रधान कार्यालय, काठमाडौं

**विषय: १४औं बार्षिक साधारणसभाको निर्णय (माईन्यूट) बारे ।**

महोदय,

उपरोक्त बिषयमा यस कम्पनीको आ.ब.२०७७/७८ को मिति २०७९/०६/१३ गते बिहिबार सम्पन्न भएको कम्पनीको १४औं साधारण सभाले गरेका निर्णयहरु (माइन्यूट) जानकारीको लागि यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न**- साधारणसभाको निर्णय - थान १

भवदीय,

(प्रकाश सिंह कठायत)
**कम्पनी सचिव**

**बोधार्थ:**

१) श्री बीमा समिति
कुपण्डोल, ललितपुर ।
२) श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।
३) श्री सि डि एस एण्ड क्लीयरिङ्ग लि.
काठमाण्डौं ।
४) श्री एनआईबिएल एस क्यापिटल लि.
लाजिम्पाट, काठमाण्डौ ।

मिति २०७९/०६/२५ गतेको "कारोबार राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशीत

"सामाजिक सुरक्षा र बचतको लागि बीमा गरौं"

# १४औं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय (माईन्यूट) विवरण सम्बन्धमा एशियन लाईफ ईन्स्यरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिमको सूचना

**१. सभाको संचालन** : एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १४औं वार्षिक साधारण सभा, संचालक समितिका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूको अध्यक्षतामा २०७९/०६/१३ गते बिहिबार (तदनुसार सेप्टेम्बर २९, २०२२) स्वयम सहभागी भई र भर्चुअल माध्यमबाट होटल क्लासिक सिमरा, बारामा सम्पन्न भयो ।

**२. शेयरधनीहरुको उपस्थिति** : शेयरधनीहरु स्वंय तथा अनलाइन मार्फत ३२ जना, शेयरधनीहरुको प्रोक्सि मार्फत ७१ जना गरी जम्मा १०३ जना तथा जम्मा उपस्थिती शेयर संख्याको आधारमा ५१.७७ प्रतिशत थियो ।

**३. सूचना प्रकाशन** : कम्पनीको १४औं वार्षिक साधारण सभाको सूचना करोवार राष्ट्रिय दैनिकमा मिति २०७९/०५/२३ गतेको अंकमा पहिलो पटक तथा मिति २०७९/०६/०४ गते सोही पत्रिकाको दोश्रो पटक साथै वार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा हुलाक, कुरीयर र कर्मचारी मार्फत पठाईएको थियो । साथै कम्पनीको वार्षिक प्रतिवेदन तथा साधारण सभाको विस्तृत विवरण कम्पनीको वेवसाईमा समेत राखिएको थियो ।

**४. बार्षिक प्रतिवेदन प्रस्तुती** : सभाका अध्यक्ष श्री दिपक कुमार श्रेष्ठज्यूले आर्थिक बर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

**५. सभाको प्रस्ताव तथा निर्णयहरु** : साधारणसभाबाट छलफल पश्चात निम्नानुसार प्रस्तावहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**(क) सामान्य प्रस्तावहरु :**

**प्रस्ताव नं. १.** संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

**निर्णय नं.**१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष.२०७७/७८ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

**निर्णय नं.**२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/७८ (NFRS बमोजिम) आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.** संचालक समितिबाट प्रस्तावित ०.७६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) रु.१,९३,८२,९५१।- पारित गर्ने बारे ।

**निर्णय नं.**३. संचालक समितिबाट प्रस्तावित ०.७६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) रु.१,९३,८२,९५१।- पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.** आर्थिक बर्ष ०७८/७९ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**निर्णय नं.**४. आर्थिक वर्ष ०७८/७९ को लागि लेखापरिक्षण समितिको सिफारीश बमोजिम बाह्य लेखा परिक्षक श्री एस ए आर एशोसियट्सलाई NFRS बमोजिम (Financial / Tax Audit) गर्न पारिश्रमिक वापत रु.३,५०,०००।- (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गरिएकोमा सो अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**(ख) विशेष प्रस्तावहरु :**

**प्रस्ताव नं. १.** आर्थिक वर्ष २०७७/७८ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,५३९,८३५,०००।- को बोनस शेयर १४.५० प्रतिशत ले हुन आउने रु.३६,८२,७६,०७५।- दरले हुने बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.**१. आर्थिक वर्ष २०७७/७८ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.२,५३९,८३५,०००।- को बोनस शेयर १४.५० प्रतिशत ले हुन आउने रु.३६,८२,७६,०७५।- दरले हुने बराबरको बोनश शेयर वितरण गर्ने निर्णय गरियो । साथै सोही बमोजिम प्रबन्धपत्रमा समेत जारी पूँजी र चुक्ता पूँजी बृद्धि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.** उल्लेखित बोनस शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

**निर्णय नं.**२. उल्लेखित बोनस शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने सर्ब सम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं. ३.** विशेष प्रस्ताव अन्तर्गत नं.२ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वियन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**निर्णय नं.**३. विशेष प्रस्ताव अन्तर्गत नं.२ र ४ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संलग्न तीन महले बमोजिम संशोधन गर्न सर्व सम्मतिले संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.** कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई श्री बीमा समितिको स्वीकृति पश्चात परिवर्तन गरी ५१:४९ प्रतिशत कायम गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रबन्धपत्रको दफा ६(२) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय नं.**४. कम्पनीको हाल कायम पूँजी संरचनामा संस्थापक र सर्वसाधारण शेयरको ६०:४० अनुपातलाई श्री बीमा समितिको स्वीकृति पश्चात परिवर्तन गरी ५१:४९ प्रतिशत कायम गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने र तदनुरुप प्रबन्धपत्रको दफा ६(२) संशोधन गर्ने सर्ब सम्मतिले निर्णय गरियो ।

**(ग) विविध**: विविध शिर्षक अन्तर्गत छलफलको विषयहरु प्रस्तुत नभएको ।

ASIAN Life Insurance Company

**प्रधान कार्यालय**

एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौ